२०७५ चैत ३० मा गोरखापत्र दैनिकको पेज ८ मा प्रकाशित

# काठमाडौं महानगरपालिका

## शिक्षा विभागको सूचना

## काठमाडौं महानगरपालिका अन्तर्गतका सबै विद्यालयहरूका लागि अत्यन्त जरूरी सूचना

१. राष्ट्रिय भर्ना अभियान २०७६ को आदर्श वाक्य "**हाम्रो नगर, हाम्रो गाउँ, सबै बालबालिकालाई विद्यालय पुऱ्याउँ।**" सहित यस महानगरपालिका अन्तर्गत सञ्चालित सबै विद्यालयहरूले मिति २०७६।०१।०२ गतेदेखि २०७६।०१।१४ गतेसम्म भव्यरूपमा स्थानीय जन प्रतिनिधि, वि.व्य.स., शिक्षक अभिभावक सङ्घका पदाधिकारी, अभिभावक र सम्पूर्ण विद्यालय परिवारको सहभागितामा आदर्श वाक्य, व्यानर र स्थानीय झाँकीसहित नियमित भर्ना र २०७६।०१।१५ गतेदेखि वैशाख मसान्तसम्म आफ्नो सेवाक्षेत्र भित्रका बालबालिकाहरूलाई घरदैलो कार्यक्रम साथ विशेष भर्ना अभियानसहित विद्यार्थी भर्ना गर्नुहुन साथै सबै सामुदायिक विद्यालयहरूले फूलको गुच्छासहित स्वागत गरी भर्ना भएकै दिन विद्यार्थीको हातमा पाठ्यपुस्तक दिन हुन।

२. सबै सामुदायिक विद्यालयहरूले तेस्रो चौमासिक निकासा माग २०७६/०१/१५ गते सम्म मागफाराम पेशगर्नुहुन।

३. संस्थागत विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरू वा निजका अभिभावकहरूले शै.स.२०७६ मा प्राप्त गर्ने छात्रवृत्तिका लागि सम्बन्धित वडा कार्यालयको सिफारिशसहित सम्बन्धित विद्यालयमा निवेदन दिनुहुन।

४. अनुमति नलिई सञ्चालनमा रहेका वैकल्पिक र खुला विद्यालयहरूले ७ (सात) दिनभित्र यस विभागमा सम्पर्क गर्नुहुन सूचित गरिन्छ। अन्यथा कानुनबमोजिम कारवाही गरिनेछ।

५. सबै विद्यालय सञ्चालनमा एकरुपता ल्यउने उद्देश्यले यस महानगरपालिकाले २०७६ को शैक्षिक क्यालेण्डर प्रकाशन गरेको हुँदा सोहि अनुरुप विद्यालयको शैक्षिक योजना बनाई पठन पाठन गर्नुहुन।

६. सबै सामुदायिक विद्यालयहरूले विद्यालय सुधार योजना (**SIP**) अद्यावधिक / निर्माण गरी २०७६/०२/१५ गते भित्र शिक्षा विभाग ताहाचल र सम्वन्धित वडा कार्यलयमा बुझाउनु हुन ।

७. शिक्षक दरबन्दी मिलानको काम भईरहेको हुँदा माग भए बमोजिमको विवरण पेश गर्न बाँकी विद्यालयहरूले ३ (तीन) दिनभित्र शिक्षा विभाग ताहाचलमा पेश गर्नुहुन सूचित गरिन्छ।